नेपाल इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड
Nepal Industrial &
Commercial Bank Ltd.

# छैठौं वार्षिक प्रतिवेदन
## २०५९-२०६०

# NIC BANK

# संचालक समिति



श्री जगदीश प्रसाद अग्रवाल
अध्यक्ष
संस्थापक समूहबाट



श्री लोकमान्य गोल्छा
सञ्चालक
(संस्थापक समूहबाट)



श्री बासुदेव गोल्याण
सञ्चालक
(संस्थापक समूहबाट)



श्री तुलसीराम अग्रवाल
सञ्चालक
(संस्थापक समूहबाट)



श्री राजेन्द्र अर्याल
सञ्चालक
(सर्वसाधारण शेयरधनी तर्फबाट)



श्री रमेश कोइराला
सञ्चालक
(सर्वसाधारण शेयरधनी तर्फबाट)



श्री सुशिल कुमार अर्याल
सञ्चालक
(प्रतिनिधि राष्ट्रिय वाणिज्य बैंक)



श्री सशीन जोशी
प्रमुख कार्यकारी अधिकृत

# विषय सूची

| | |
|---|---|
| संचालक समितिको प्रतिवेदन | २-४ |
| लेखापरीक्षकको प्रतिवेदन | ५ |
| वासलात | ६-७ |
| नाफा नोक्सान हिसाब | ८-९ |
| अनुसूचीहरु (१ देखि २५ सम्म) | १०-२६ |
| नगद प्रवाह विवरण | २७ |
| प्रमुख लेखा नीतिहरु | २८-२९ |
| लेखा सम्बन्धी टिप्पणीहरु | ३०-३१ |
| नेपाल राष्ट्र बैंकका निर्देशनहरु | ३२ |
| लेखा चित्रहरु | ३३-३४ |
| व्यवस्थापन समूह | ३५ |

# छैठौं वार्षिक साधारण सभामा

## संचालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंकको छैठौं वार्षिक साधारण सभामा भाग लिन पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक स्वागत गर्न पाउँदा मलाई खुसी लागेको छ। अब म संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०५९/६० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको प्रतिवेदन उपस्थित शेयरधनी महानुभावहरु समक्ष पेश गर्न चाहन्छु।

१. **संचालक समिति:**

प्रतिवेदन अवधिमा बैंकको संचालक समितिमा केही परिवर्तनहरु भएका छन्। बैंकको संस्थापक शेयरधनी राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट यस बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका संचालक श्री श्याम सुन्दर शाहको ठाउँमा श्री सुशिल कुमार अर्याल आउनु भएको छ। श्री ५ को सरकारको नीति अनुरुप, श्री ५ को सरकारको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका श्री अवनीन्द्र कुमार श्रेष्ठज्यूलाई फिर्ता बोलाइएको छ। बैंकको सफल संचालनमा उहाँहरुले पुऱ्याइदिनु भएको अमूल्य योगदानको उच्च मूल्याङ्कन गर्दै अवकाश प्राप्त गर्नु भएका संचालक समितिका सदस्यहरुप्रति धन्यवाद ज्ञापन गर्दै नवआगन्तुक सदस्यज्यूलाई स्वागत गर्दछु।

२. **आर्थिक तथा बैंकिङ्ग वातावरण:**

आ.व. २०५८/५९ मा रहेको राजनैतिक अस्थिरता, शान्ति सुरक्षाको बिग्रदो वातावरण र मन्द आर्थिक अवस्था, आ.व. २०५९/६० मा पनि जारी रह्यो। तथापि समीक्षा अवधिको उत्तरार्द्धमा युद्धबिराम र सरकार-माओवादी शान्तिवार्ताको कारणले केही राहत महसुस हुन गएको थियो। गत: वर्षको ऋणात्मक आर्थिक वृद्धिदरको तुलनामा यस वर्षको वृद्धिदर करीब २.४% ले भएको अनुमान गरिएको छ। तर, यो वृद्धि राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क विन्दुगत आधारमा गत वर्ष ३.५% को वृद्धिको तुलनामा यस वर्ष ६.१% को वृद्धि भएको नकरात्मक पक्षमा पाइएको छ।

आर्थिक वर्ष २०५९/६० मा निर्यातको तुलनामा आयात उच्च दरले वृद्धि भएकोले व्यापार घाटामा वृद्धि भएको छ। तथापि निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण चालू खाता बचतमा रहेको छ। व्यापार खाता ऋणात्मक रहेको भएता पनि चालू खातामा उच्च बचत रहेको हुँदा समीक्षा वर्षमा शोधनान्तर बचत भएको छ। समीक्षा अवधिको अन्त्यमा बैंकिङ्ग क्षेत्रको कूल विदेशी विनिमय सञ्चिति रु. १ खरब १० अरब पुगेको छ जुन १०.६ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

आर्थिक वर्ष २०५९/६० को आर्थिक सर्वेक्षण अनुसार अघिल्लो वर्षको ४% को वृद्धिको तुलनामा आ.व. २०५९/६० मा सरकारी खर्च ०.९% ले वृद्धि भई रु. ७२ अरब २० करोड पुग्यो। सरकारी खर्च मध्ये साधारण खर्च अघिल्लो वर्षको १३.५% को वृद्धिको तुलनामा आ.व. २०५९/६० मा १२.५% ले वृद्धि भई रु. ५४ अरब ३० करोड पुगेता पनि विकास खर्च अघिल्लो वर्षको १३.८% ह्रासको तुलनामा आ.व. २०५९/६० मा २४.१% ले ह्रास आई रु. १६ अरब ५० करोड पुगेको छ। सरकारको आम्दानीको मुख्य स्रोत राजस्व संकलन अघिल्लो वर्षको ३% को वृद्धिको तुलनामा यो वर्ष ११.५% ले वृद्धि भई रु. ५६ अरब २० करोड पुगेको छ। सरकारी खर्चको वृद्धिदरमा आएको कमी र गैर ऋण साधन परिचालनमा केही सुधार आएको हुँदा बजेट घाटा कम भई अघिल्लो वर्षको १५.२% को वृद्धिको तुलनामा यो वर्ष ३६.१% ले ह्रास आएर रु. ११ अरब ७० करोड पुगेको छ। यस घाटालाई श्री ५ को सरकारले रु. ४ अरब ३० करोडको वैदेशिक ऋण, रु. १ अरब ८० करोडको ट्रेजरी बिल, रु. ६ अरब ३० करोडको विकास ऋणपत्र, रु. ४० करोडको राष्ट्रिय बचतपत्र र रु. ३० करोडको नागरिक बचतपत्रबाट पूर्ति गरिएको थियो।

अघिल्लो वर्षको १५.६% को ह्रासको तुलनामा यस वर्ष निर्यात ४.९% ले वृद्धि भई रु. ४९ अरब २० करोड रह्यो। त्यसै गरी समीक्षा अवधिमा आयात तर्फ अघिल्लो वर्ष ७.२% को ह्रास रहेकोमा यस वर्ष १६.९% ले वृद्धि भई रु. १२५ अरब ५० करोड

रह्यो । आयातमा भएको वृद्धि, निर्यातमा भएको वृद्धिको दाँजोमा धेरै रहेको कारण अघिल्लो वर्षको ०.७% को वृद्धिको तुलनामा यस वर्ष व्यापार घाटा २६.२% ले वृद्धि भई रु. ७६ अरब ३० करोड पुगेको छ ।

वित्तीय क्षेत्रमा सुधारको गति धेरै हदले बढेको महसुस भएको छ । यसले बैंकिङ्ग क्षेत्रमा दीर्घकालीन अवधिमा पक्कै पनि सकारात्मक प्रभाव देखिने छ । हामीले अघिल्लो वर्ष अनुमान गरे अनुरुप समीक्षा अवधिमा बिग्रदो राजनैतिक अवस्था, सुरक्षा र आर्थिक वातावरणका कारण बढ्दो निस्क्रिय जेथा, खस्कँदो व्यापारिक अवस्था, उच्च तरलता तथा घट्दो प्रतिफलको कारण बैंकिङ्ग क्षेत्रले ठूलो चुनौतीको सामना गर्नु परेको थियो जुन अहिले पनि रहँदै आएको छ । अघिल्लो वर्षको तुलनामा धेरैजसो बैंकहरुको खस्कँदो व्यापार वृद्धिदर तथा नाफाको वृद्धिदर घट्ने क्रमबाट पनि यसको पुष्टि हुन आउँछ ।

हालको राजनैतिक अवस्था र सुरक्षाको स्थितिमा सुधार महसुस नगरिएसम्म चालू वर्षमा पनि व्यापारिक वातावरणमा कुनै ठोस सुधार हुने सम्भावना देखिँदैन ।

**शेयरधनी महानुभावहरु,**

**३. अब म बैंकको क्रियाकलाप बारे संक्षेपमा अवगत गराउन चाहन्छु ।**

**क) वित्तीय झलकः**

बैंकले गत वर्षको तुलनामा समीक्षा वर्षमा हासिल गरेको प्रगतिको साथै चालू वर्षको प्रथम त्रैमासिक प्रगति विवरण समावेश गरिएको वित्तीय झलक तल प्रस्तुत गरिएको छ ।

*रु. लाखमा*

| विवरण | आषाढ मसान्त सम्मको वार्षिक प्रगति | | % | २०६० असोज मसान्त |
|---|---|---|---|---|
| | आ.व. २०५८/०५९ | आ.व. २०५९/०६० | वृद्धि/(घटी) | सम्मको त्रैमासिक प्रगति |
| संचालन मुनाफा | ६,६९ | १०,०५ | ५०.२ | ३,०९ |
| खुद मुनाफा | ६८ | २,५९ | २८०.९ | १,१२ |
| कूल निक्षेप | ३,१६,५३ | ३,१४,४३ | (०.७) | ४,२४,३४ |
| कूल कर्जा | २,३६,८८ | २,५६,२८ | ८.२ | २,७८,६१ |

देशमा विद्यमान प्रतिकूल व्यापारिक परिस्थिति तथा बैंकिङ्ग क्षेत्रमा विभिन्न चुनौतीहरुको वावजुद बैंकले गत वर्षको तुलनामा संचालन मुनाफामा ५०% तथा खुद मुनाफामा २८१% को वृद्धि हासिल गर्न सफल भएको जानकारी गराउन पाउँदा खुशी लागेको छ । उक्त वृद्धिदर समकक्षी केही अन्य बैंकहरुको तुलनामा निकै माथि रहेको जानकारीबाट शेयरधनी महानुभावहरुलाई हर्षित तुल्याएको छ भन्ने विश्वास लिएको छ । अघिल्लो वर्षको कूल कर्जामा ८ प्रतिशतको मात्र वृद्धि तथा निक्षेपमा आएको ह्रासको वावजुद यो सफलता हासिल भएको छ । गत वर्ष हामीले घोषणा गरेको रणनीति अनुसार नियन्त्रित जोखिम ऋण सम्पत्ति वृद्धिका साथै वित्तीय सम्पत्तिको गुणस्तर कायम राख्दै आन्तरिक कार्य सम्पादन प्रणालीलाई चुस्त बनाई स्रोतको अधिकतम परिचालन तथा वित्तीय तथा संरचनात्मक सुधारहरु अवलम्बन गरेकोले यो सफलता सम्भव भएको हो । हाम्रो नीति अनुरुप वर्षको अन्त्यमा निस्क्रिय जेथाको ८४% कर्जा नोक्सानी व्यवस्था गरिसकेकोले खुद निस्क्रिय जेथा गत वर्षको ४.०३% को तुलनामा यस वर्ष कूल जोखिम सम्पत्तिको १.०७% मात्र रहेको छ ।

चालू वर्षको प्रथम त्रैमासिक वित्तीय स्थिति गत वर्षको सोही अवधिको दाँजोमा उत्साहवर्द्धक रहेको हुँदा चालू वर्षमा संचालन मुनाफा करीब ३०% भन्दा बढीले वृद्धि हुने अनुमान गरेका छौं । साथै, बैंकको पूँजी पर्याप्तता नेपाल राष्ट्र बैंकले तोकेको १०% तथा अन्तर्राष्ट्रिय मापदण्डभन्दा निकै माथि १८.८७% रही बैंकको वित्तीय स्थिति मजबुत रहेको जानकारी गराउन पाउँदा खुशी लागेको छ । नेपालका बैंकहरुमा हाम्रो बैंकको पूँजी पर्याप्तता सबैभन्दा बढी मध्ये एक भएको अवगत गराउन चाहन्छु । यसले बैंकको मजबुत वित्तीय स्थिति तथा सुरक्षणको पर्याप्तता भएको जनाउँदछ ।

**ख) शाखा विस्तारः**

अर्थतन्त्रको वर्तमान स्थितिलाई मध्येनजर राखी शाखा विस्तारको कार्यलाई केही नियन्त्रण गरिएको छ । तर बैंकले यस वर्ष आफ्नो सञ्जाल बढाउँदै ग्राहक सेवा विस्तार गर्न केही शाखाहरु खोल्ने तर्फ गम्भीरतापूर्वक सोचेको छ । यसै क्रममा उपयुक्त स्थान पहिचान गरी तथा नेपाल राष्ट्र बैंकको आवश्यक स्वीकृति लिई पश्चिम नेपालको शहरी क्षेत्रमा एक शाखा र काठमाडौंको अर्को मुख्य व्यापारिक स्थानमा थप एक शाखा खोल्ने हाम्रो सोच रहेको छ ।

**ग) प्रविधि विकासः**

बैंकमा प्रयोग भइरहेको कम्प्युटर प्रणालीलाई प्रभावकारी बनाउन अझ बढी विशेषता तथा कार्यप्रणाली थपी सुधार गर्ने कार्यको थालनी भएको छ । व्यवस्थापकीय सूचना प्रणालीमा पनि महत्वपूर्ण सुधार गरिएको छ जसले छिटो निर्णय गर्ने क्षमतामा वृद्धि गराएको छ । साथै बैंकले आफ्ना विद्यमान तथा भविष्यमा हुने व्यवसाय वृद्धि अनुरुपको आवश्यकताहरु पूरा गर्न नयाँ बैंकिङ्ग सफ्टवेयर ल्याउने तर्फ विचार गरिरहेको छ ।

**घ) मानव संसाधनः**

बैंक सेवा उद्योग भएको हुँदा यसले आफ्नो कर्मचारीहरुको मूल्य तथा उच्चतम बैंकिङ्ग सेवा प्रदान गर्न उनीहरुको विकासको आवश्यकतालाई राम्रोसँग बुझेको छ । तदअनुरुप, औपचारिक तथा अनौपचारिक तालिम तथा नियमित विकास कार्यक्रम मार्फत कार्मचारीहरुको सीप तथा विकासमा बैंकले सदैव जोड दिँदै आएको छ । साथै विभिन्न तहका कर्मचारीहरुलाई आन्तरिक तथा बाह्य निकायबाट आयोजित तालिम कार्यक्रमहरुमा समावेश गराइएको छ । आन्तरिक तालिमको क्रममा व्यवस्थापनद्वारा विकास गरिएका विभिन्न तालिम कार्यक्रमहरु शाखा तथा केन्द्र स्तरमा संचालन गरिएका छन् । कर्मचारी तालिममा गर्ने खर्चलाई बैंकले अति आवश्यक लगानीको रुपमा लिने नीति अपनाएको छ र यसै क्रममा बैंकले नियमित तालिम, विकास र पुनर्शिक्षाद्वारा कर्मचारी क्षमता अभिवृद्धि गर्ने गरिएको छ ।

**४. भावी योजना तथा कार्यक्रमः**

बैंकले ग्राहकहरुलाई नयाँ बैंकिङ्ग सेवा प्रदान गर्ने उद्देश्यले “एन आइ सि लाइफ सेभिङ्ग योजना” बजारमा ल्याएको छ । जीवन बीमा निहित नेपालकै पहिलो र एक मात्र उक्त सेवा ग्राहकहरुको बीचमा अति लोकप्रिय भई पहिलो ३ महिना भित्रमा नै ५०० भन्दा बढी ग्राहक संख्या पुगिसकेको जानकारी गराउँदछौं । हालको बजार अवस्थालाई ध्यानमा राखी हामीले थप सेवाहरुको पनि पहिचान गरेका छौं । उक्त सेवाहरु निकट भविष्यमा ग्राहकहरु समक्ष प्रस्तुत गरिने जानकारी गराउँदछौं । साथै हाम्रो सेवाहरु अझ बढी चुस्त एवम् प्रतिस्पर्धात्मक बनाउन र कर्जा, संचालन तथा व्यापार जोखिमहरु न्यून गर्न बैंकिङ्ग गतिविधिहरुको पुनरावलोकन तथा एकीकरण गर्ने कार्य जारी रहेको छ ।

बैंकको भावी उपलब्धि मुख्यत देशको राजनीतिक तथा आर्थिक वातावरणमा निर्भर गर्दछ । हाल देशको सुरक्षा तथा राजनीतिक स्थितिमा तत्कालै ठोस सुधार हुने संकेत नदेखिएको अवस्थाबाट हामी गुज्रिरहेका छौं । यस्तो अस्थिर राजनीतिक वातावरण र कमजोर हुँदै गएको सुरक्षा स्थितिलाई दृष्टिगत गर्दा निकट भविष्यमा नयाँ नयाँ लगानीका सम्भावनाहरु न्यून रहेको देखिन्छ । अर्थतन्त्रको यस्तो खालको स्थितिमा गुणस्तरीय जोखिम सम्पत्ति बढाउन कठिन हुने मात्र होइन कि हाम्रो बैंकको जोखिम सम्पत्तिको उच्च तहको गुणस्तर कायम राख्ने कार्य चुनौतीपूर्ण हुनेछ । वर्तमान आर्थिक अवस्था तथा अन्य बैंकहरुले ल्याएका बैंकिङ्ग सेवा तथा उपकरणहरुलाई दृष्टिगत गर्दा, विद्यमान तथा नयाँ व्यवसायिक अवसरहरुबाट आम्दानी आर्जन गर्ने, बैंकिङ्ग सेवालाई बजारमुखी एवम् समयसापेक्ष बनाउन उपभोक्ता बैंकिङ्गमा आफ्ना गतिविधिहरु विस्तार गर्ने, अन्तर्राष्ट्रिय कारोवारमा आफ्नो बजार अंश वृद्धि गर्ने, उत्पादकत्वमा वृद्धि गर्ने, रणनीतिक खर्च व्यवस्थापन गर्ने तथा बैंकको नयाँ छविलाई सुदृढ गर्ने प्रयासलाई बैंकले निरन्तरता दिनेछ ।

**५. धन्यवाद ज्ञापनः**

अन्त्यमा, बैंकको क्रियाकलापमा गहिरो अभिरुचि राख्दै, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसै गरी, बैंकको प्रगतिको लागि शुभेच्छा, सद्भाव र अटुट विश्वास प्रकट गर्नुहुने ग्राहक महानुभावहरु, सहयोग र मार्गदर्शन दिनुहुने श्री ५ को सरकारका सम्बन्धित निकायहरु, धितोपत्र बोर्डको साथै नेपाल राष्ट्र बैंकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । कडा परिश्रमका साथ कर्तव्यनिष्ठ भई सेवा गरी बैंकलाई सफल बनाउने व्यवस्थापन वर्ग तथा कर्मचारीलाई समेत धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

जगदीश प्रसाद अग्रवाल

अध्यक्ष

मितिः २०६० पौष २१ गते सोमबार ।

**निर्मल एण्ड कम्पनी**
चार्टर्ड एकाउन्टेन्टस्

टेलिफोन ४२२१०३०
फ्याक्स नं. ९७७-१-४२२०९४२
इ-मेल: nirmalca@wlink.com.np

ग २-७७ भूगोल पार्क अगाडि
नयाँ सडक, काठमाडौं
नेपाल

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको ३२ आषाढ २०६० को वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा-नोक्सान हिसाव तथा नगद-प्रवाह विवरण लेखापरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेका छौं ।

क. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना एवं स्पष्टिकरणहरु पायौं ।

ख. बैंकले अफ्नो हिसाव किताब प्रचलित कानून र प्रचलन अनुसार ठीकसँग राखेको छ ।

ग. संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा प्रस्तुत गरिएका छन् र बैंकले राखेको हिसाब किताबसँग दुरुस्त रहेका छन् ।

घ. बैंकका शाखाहरुबाट प्राप्त विवरण लेखापरीक्षणका निमित्त पर्याप्त रहेका छन् ।

ङ. हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संलग्न लेखा नीतिहरु र लेखा सम्बन्धी टिप्पणी (अनुसूची २७ र २८) लाई साथै अध्ययन गर्दा:

- वासलातले बैंकको ३२ आषाढ २०६० को आर्थिक अवस्था,
- नाफा-नोक्सान हिसाबले उक्त मितिमा समाप्त वर्षको नाफा, तथा
- नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त वर्षको नगद प्रवाहको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

च. हामीलाई प्राप्त जानकारी एवं हामीलाई दिइएको स्पष्टिकरण तथा बैंकको हिसाब किताब परीक्षणबाट बैंकको सञ्चालक समिति वा बैंकका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरीत काम गरेको वा बैंकलाई प्रत्यक्ष हानि नोक्सानी गरेको वा हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशनको उल्लङ्घन गरेको वा बैंक र यसका निक्षेपकर्ताहरुको हित र सुरक्षा बिरुद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

छ. बैंकले नेपाल राष्ट्र बैंकको विद्यमान निर्देशनहरु बमोजिम जोखिम व्यहोर्ने कोषको लागि पर्याप्त रकम व्यवस्था गरेको छ । बैंकको कारोबार सन्तोषजनक रुपमा सञ्चालन भएको र बैंकको अख्तियारी भित्र रहेको पायौं ।

.....................................

काठमाडौं
१ मंसिर २०६०

निर्मल दास श्रेष्ठ
चार्टर्ड एकाउन्टेन्ट्स

# वासलात

३२ आषाढ २०६० (१६ जुलाइ २००३) को

| पूँजी र दायित्व | | | |
|---|---|---|---|
| गत वर्ष रु. | विवरण | अनुसूची | यस वर्ष रु. |
| ४९९,८९०,००० | १. शेयर पूँजी | १ | ४९९,९५४,५०० |
| २६,२०५,६८३ | २. जगेडा तथा कोषहरु | २ | ५२,१४६,४४४ |
| – | ३. तिर्न बाँकी कर्जा सापट | ३ | २७४,७५०,००० |
| ३,१६५,३११,५२८ | ४. निक्षेप हिसाब | ४ | ३,१४४,३२०,८८३ |
| ३७,३५६,९६९ | ५. भूक्तानी दिनु पर्ने बिलहरु | ५ | २४,३५३,८१४ |
| ३९,८८८,६६० | ६. अन्य दायित्व | ६ | ४१,९९३,७८६ |
| ३,७६८,६५२,८४० | जम्मा | | ४,०३७,५१९,४२७ |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची १४ |
| संञ्चालकहरुको Declaration | अनुसूची २३ |
| पूँजीकोषको पर्याप्तता | अनुसूची २४ |
| प्रमुख सुचकाङ्कहरु | अनुसूची २५ |
| नगद प्रवाह विवरण | अनुसूची २६ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची २७ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची २८ |

१ देखि १४ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

सशीन जोशी
प्रमुख कार्यकारी अधिकृत

लोकमान्य गोल्छा
संचालक

बासुदेव गोल्याण
संचालक

अरुण पराजुली
प्रमुख कोप तथा लेखा

रमेश कोइराला
संचालक

सुशिल कुमार अर्याल
संचालक

काठमाडौं
मितिः १ मंसिर २०६०

# वासलात

३२ आषाढ २०६० (१६ जुलाइ २००३) को

| सम्पत्ति तथा जायजेथा | | | |
|---|---|---|---|
| गत वर्ष रु. | विवरण | अनुसूची | यस वर्ष रु. |
| १३९,८५६,२०० | १. नगद मौज्दात | ७ | ९५,७४१,६७१ |
| ४१९,६७३,६५७ | २. बैंक मौज्दात | ८ | २२२,३१६,५१५ |
| ४६,८१०,४०४ | ३. माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | ९ | २९,९००,००० |
| ७५३,८१२,०७८ | ४. लगानी | १० | १,१५३,२६२,२१७ |
| २,२७८,९९३,८८७ | ५. कर्जा, सापट तथा बिल खरिद | ११ | २,४१९,५२२,८०८ |
| ५४,७५८,४८४ | ६. स्थिर सम्पत्ति | १२ | ५०,२१३,७८३ |
| ७४,७४८,१३० | ७. अन्य सम्पत्ति | १३ | ६६,५६२,४३३ |
| ३,७६८,६५२,८४० | जम्मा | | ४,०३७,५१९,४२७ |

| | | |
|---|---|---|
| तुलसीराम अग्रवाल<br>संचालक | जगदीश प्रसाद अग्रवाल<br>अध्यक्ष | आजको मितिको संलग्न प्रतिवेदनको आधारमा |
| राजेन्द्र अर्याल<br>संचालक | | निर्मल दास श्रेष्ठ<br>निर्मल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् |

# नाफा नोक्सान हिसाब

१ श्रावण २०५९ देखि ३२ अषाढ २०६० (१७ जुलाइ २००२ देखि १६ जुलाइ २००३) सम्मको

| खर्च | | | |
|---|---|---|---|
| गत वर्ष रु. | विवरण | अनुसूची | यस वर्ष रु. |
| १९७,०९४,१२६ | १. ब्याज खर्च | १५ | १४२,६०६,०३६ |
| २६,९८९,५५६ | २. कर्मचारी खर्च | १६ | ३३,८२६,७६२ |
| ४६,२२५,९२९ | ३. कार्यालय संचालन खर्च | १७ | ५०,७०५,५२१ |
| – | ४. सटही घटबढ नोक्सान | २० | २६,००४ |
| १,२७८ | ५. गैर संचालन खर्च | २१ | ८२,४६९ |
| – | ६. असुली हुन नसक्ने कर्जाको अपलेखन | | – |
| ५७,५१५,९३७ | ७. कर्जा जोखिम सम्बन्धी व्यवस्था | | ५३,४८१,१२९ |
| ९४२,८५९ | ८. कर्मचारी बोनस व्यवस्था | | ४,७०३,९६३ |
| १,६६४,६४६ | ८. आयकर व्यवस्था | | १६,३९३,५४९ |
| ६,८२१,०८९ | १०. खुद नाफा (तल सारेको) | | २५,९४२,१२८ |
| ३३७,२५५,४२० | जम्मा | | ३२७,७६७,५६१ |

१५ देखि २२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।

# नाफा नोक्सान बाँडफाँड हिसाब

१ श्रावण २०५९ देखि ३२ अषाढ २०६० (१७ जुलाइ २००२ देखि १६ जुलाइ २००३) सम्मको

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| – | १. गत वर्षसम्मको सञ्चित नोक्सान | – |
| – | २. यस वर्षको नोक्सान | – |
| १,३६४,२१८ | ३. साधारण जगेडा कोष | ५,१८८,४२६ |
| – | ४. भैपरी आउने जगेडा | – |
| – | ५. बैंक विकास कोष | – |
| – | ६. लाभांश समीकरण कोष | – |
| – | ७. कर्मचारी सम्बन्धी जगेडाहरु | – |
| – | ८. अन्तरिम एवं प्रस्तावित लाभांश | – |
| – | ९. बोनस शेयर जारी | – |
| – | १०. विशेष जगेडा कोष | – |
| ८८६,१८८ | ११. सटही घटबढ कोष | (२६,००४) |
| – | १२. विगत वर्षहरुसित सम्बन्धित आयकर | १,३६६ |
| ७,६३७,०३३ | १३. सञ्चित मुनाफा | २८,४१५,३७३ |
| ९,८८७,४३९ | जम्मा | ३३,५७९,१६१ |

सशीन जोशी
प्रमुख कार्यकारी अधिकृत

लोकमान्य गोल्छा
संचालक

बासुदेव गोल्याण
संचालक

अरुण पराजुली
प्रमुख कोष तथा लेखा

रमेश कोइराला
संचालक

सुशिल कुमार अर्याल
संचालक

काठमाडौं
मितिः १ मंसिर २०६०

# नाफा नोक्सान हिसाब

१ श्रावण २०५९ देखि ३२ असाढ २०६० (१७ जुलाइ २००२ देखि १६ जुलाइ २००३) सम्मको

| | आम्दानी | | |
|---|---|---|---|
| गत वर्ष रु. | विवरण | अनुसूची | यस वर्ष रु. |
| २९७,७६४,३३३ | १. ब्याज आम्दानी | १८ | २९१,१४३,३९० |
| १८,५६३,४०० | २. कमिशन तथा डिस्काउण्ट | १९ | २१,९६५,५८१ |
| १८,८३१,२१४ | ३. सटही घटबढ आम्दानी | २० | १२,१८२,८४२ |
| – | ४. गैर संचालन आम्दानी | २१ | – |
| २,०९६,४७३ | ५. अन्य आम्दानी | २२ | २,४७५,७४८ |
| – | ६. खूद नोक्सान (तल सारेको) | | – |
| ३३७,२५५,४२० | जम्मा | | ३२७,७६७,५६१ |

# नाफा नोक्सान बाँडफाँड हिसाब

१ श्रावण २०५९ देखि ३२ असाढ २०६० (१७ जुलाइ २००२ देखि १६ जुलाइ २००३) सम्मको

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| ३,०६६,३५० | १. गत वर्षसम्मको सञ्चित मूनाफा | ७,६३७,०३३ |
| ६,८२१,०८९ | २. यस वर्षको मूनाफा | २५,९४२,१२८ |
| – | ३. सञ्चित नोक्सान | – |
| ९,८८७,४३९ | जम्मा | ३३,५७९,१६१ |

तुलसीराम अग्रवाल
संचालक

जगदीश प्रसाद अग्रवाल
अध्यक्ष

आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

राजेन्द्र अर्याल
संचालक

निर्मल दास श्रेष्ठ
निर्मल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्

# अनुसूची १ : शेयर पूँजी तथा स्वामित्व

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| | १. शेयर पूँजी | |
| १,०००,०००,००० | १.१ अधिकृत पूँजी | १,०००,०००,००० |
| १,०००,०००,००० | क) १०,०००,००० साधारण शेयर प्रति शेयर रु. १०० | १,०००,०००,००० |
| | ख) ....... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |
| | ग) ....... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |
| ५००,०००,००० | १.२ जारी पूँजी | ५००,०००,००० |
| ५००,०००,००० | क) ५,०००,००० साधारण शेयर प्रति शेयर रु. १०० | ५००,०००,००० |
| | ख) ....... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |
| | ग) ....... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |
| ४९९,८९०,००० | १.३ चुक्ता पूँजी | ४९९,९५४,५०० |
| ४९९,८९०,००० | क) ४,९९९,५४५ साधारण शेयर प्रति शेयर रु. १०० | ४९९,९५४,५०० |
| | ख) ....... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |
| | ग) ....... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ... | |

## शेयर स्वामित्व

| गत वर्ष | | विवरण | यस वर्ष | |
|---|---|---|---|---|
| रु. | % | | % | रु. |
| ५००,०००,००० | १०० | १. स्वदेशी स्वामित्व | १०० | ५००,०००,००० |
| | | १.१ श्री ५ को सरकार | | |
| २५,०००,००० | ५ | १.२ वाणिज्य बैंकहरु | ५ | २५,०००,००० |
| | | १.३ वित्तीय संस्थाहरु | | |
| | | १.४ संगठित संस्थाहरु | | |
| ४७५,०००,००० | ९५ | १.५ सर्वसाधारण | ९५ | ४७५,०००,००० |
| | | १.६ अन्य | | |
| – | | २. बैदेशिक स्वामित्व | | – |
| ५००,०००,००० | १०० | जम्मा | १०० | ५००,०००,००० |

## ०.५% भन्दा बढी स्वामित्व भएको शेयरधनीको विवरण

| क्र.सं. | नाम | शेयर संख्या | रकम | स्वामित्व प्रतिशत |
|---|---|---|---|---|
| १ | अशोक कुमार अग्रवाल | ५०,००० | ५,०००,००० | १.०० |
| २ | अनुज अग्रवाल | ५०,००० | ५,०००,००० | १.०० |
| ३ | निर्मल कुमार अग्रवाल | ८७,५०० | ८,७५०,००० | १.७५ |
| ४ | बासुदेव गोल्याण | २५०,००० | २५,०००,००० | ५.०० |
| ५ | पवन कुमार गोल्याण | २५०,००० | २५,०००,००० | ५.०० |
| ६ | राष्ट्रिय वाणिज्य बैंक | २५०,००० | २५,०००,००० | ५.०० |
| ७ | दिवाकर गोल्छा | २७३,३०१ | २७,३३०,१०० | ५.४७ |
| ८ | लोकमान्य गोल्छा | २७३,३०५ | २७,३३०,५०० | ५.४७ |
| ९ | जगदीश प्रसाद अग्रवाल | ३७१,४३२ | ३७,१४३,२०० | ७.४३ |
| १० | तुलसीराम अग्रवाल | ४२१,४२८ | ४२,१४२,८०० | ८.४३ |
| ११ | त्रिलोक चन्द्र अग्रवाल | ४७३,०३४ | ४७,३०३,४०० | ९.४६ |
| १२ | सुवास चन्द्र संघाइ | ५००,००० | ५०,०००,००० | १०.०० |

नोटः चुक्ता पूँजी अन्तर्गत सर्वसाधारण शेयरधनीहरुबाट रु. ४५,५०० बराबरको साधारण शेयर बापतको रकम प्राप्त हुन बाँकी रहेको छ ।

## अनुसूची २ : जगेडा तथा कोषहरु

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| १५,८६७,७५४ | १. साधारण जगेडा कोष | २१,०५६,१७९ |
| – | २. पूँजीगत जगेडा कोष | – |
| – | ३. शेयर प्रिमियम | – |
| २,७००,८९६ | ४. अन्य जगेडा तथा कोष | २,६७४,८९२ |
| – | क. भैपरी आउने जगेडा | – |
| – | ख. बैंक विकास कोष | – |
| – | ग. लाभांश समिकरण कोष | – |
| २,७००,८९६ | घ सटही घटबढ कोष | २,६७४,८९२ |
| – | ङ. विशेष जगेडा कोष | – |
| – | च. सम्पत्ति पुनर्मुल्याङ्कन कोष | – |
| – | छ. अन्य स्वतन्त्र कोष | – |
| ७,६३७,०३३ | ५. सञ्चित नाफा/(नोक्सान) | २८,४१५,३७३ |
| २६,२०५,६८३ | जम्मा | ५२,१४६,४४४ |

## अनुसूची ३ : तिर्न बाँकी कर्जा सापटी

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| – | क. स्वदेशी | – |
| – | १. श्री ५ को सरकार | – |
| – | १.१ भुकम्प पीडित क्षेत्र पुनर्निर्माण | – |
| – | १.२ ............. | – |
| – | १.३ ............... | – |
| – | २. नेपाल राष्ट्र बैंक | – |
| – | २.१ कर्जा | – |
| – | २.२ पुनरकर्जा | – |
| – | २.३ ............ | – |
| – | ३. अन्तर बैंक | २७४,७५०,००० |
| – | ३.१ अधिविकर्ष | – |
| – | ३.२ कर्जा | २७४,७५०,००० |
| – | ३.३ ............... | – |
| – | ४. अन्य वित्तीय संस्थाहरु | – |
| – | ४.१ .............. | – |
| – | ४.२ .............. | – |
| – | ५. अन्य | – |
| – | जम्मा (१+२+३+४+५) | २७४,७५०,००० |
| – | ख. विदेशी | – |
| – | १. बैंकहरु | – |
| – | १.१ अधिविकर्ष | – |
| – | १.२ ............. | – |
| – | जम्मा | – |
| – | जम्मा (क+ख) | २७४,७५०,००० |

# अनुसूची ४ : निक्षेप हिसाब



३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| | १. ब्याज तिर्नु नपर्ने खाताहरु | |
| २५७,२४८,८०२ | क. चल्ती हिसाब | २३५,८३७,४४१ |
| २४४,९७६,३२१ | १. स्वदेशी मूद्रामा | २२९,२८४,४६२ |
| – | १.१ श्री ५ को सरकार | – |
| १,०२८,९९२ | १.२ वाणिज्य बैंकहरु | ४८१,७७४ |
| ५६,९३९,११८ | १.३ वित्तीय संस्थाहरु | ५०,९६८,११४ |
| १७४,१७०,९८४ | १.४ अन्य संगठित संस्थाहरु | १६६,७५६,७९३ |
| १२,८३७,२२७ | १.५ व्यक्तिगत | ११,०७७,७८१ |
| – | १.६ अन्य | – |
| १२,२७२,४८१ | २. विदेशी मुद्रामा | ६,५५२,९७९ |
| – | २.१ श्री ५ को सरकार | – |
| – | २.२ वाणिज्य बैंकहरु | – |
| – | २.३ वित्तीय संस्थाहरु | – |
| १२,२७२,४८१ | २.४ अन्य संगठित संस्थाहरु | ६,५५२,९७९ |
| – | २.५ व्यक्तिगत | – |
| – | २.६ अन्य | – |
| ४१,९०८,४७५ | ख. मार्जिन | ६५,२९७,२२८ |
| – | १. कर्मचारी जमानत | – |
| १३,६८४,०५४ | २. जमानत मार्जिन | १७,८६७,७०१ |
| २८,२२४,४२१ | ३. प्रतितपत्र मार्जिन | ४७,४२९,५२७ |
| – | ग. अन्य | – |
| – | १. स्वदेशी मूद्रामा | – |
| – | १.१ वित्तीय संस्थाहरु | – |
| – | १.२ अन्य संगठित संस्थाहरु | – |
| – | १.३ व्यक्तिगत | – |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ वित्तीय संस्थाहरु | – |
| – | २.२ अन्य संगठित संस्थाहरु | – |
| – | २.३ व्यक्तिगत | – |
| २९९,१५७,२७७ | ब्याज तिर्नु नपर्ने खाताहरुको जम्मा | ३०१,१३४,६६९ |

## अनुसूची ४ : निक्षेप हिसाब

पाना २/२

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| | २. ब्याज तिर्नु पर्ने खाताहरु | |
| ५७६,१९२,४०८ | क. बचत हिसाब | ७३४,०८६,०५३ |
| ५७५,२०३,७७५ | १. स्वदेशी मुद्रामा | ७३२,१२७,२६७ |
| ११८,५९२,५३८ | १.१ संघ संस्थाहरु | १४६,२००,४०२ |
| ४५६,६११,२३७ | १.२ व्यक्तिगत | ५८५,९२६,८६५ |
| – | १.३ अन्य | – |
| ९८८,६३३ | २. विदेशी मुद्रामा | १,९५८,७८६ |
| – | २.१ संघ संस्थाहरु | ७,६४६ |
| ९८८,६३३ | २.२ व्यक्तिगत | १,९५१,१४० |
| – | २.३ अन्य | – |
| १,३४७,०८५,५७० | ख. मुद्दती हिसाब | १,१४३,०४३,४०९ |
| १,३०८,०८५,५७० | १. स्वदेशी मुद्रामा | १,१४३,०४३,४०९ |
| १,१५२,७४२,८०० | १.१ संघ संस्थाहरु | ८६३,८५७,१०९ |
| १५५,३४२,७७० | १.२ व्यक्तिगत | २७९,१८६,३०० |
| – | १.३ अन्य | – |
| ३९,०००,००० | २. विदेशी मुद्रामा | – |
| ३९,०००,००० | २.१ संघ संस्थाहरु | – |
| – | २.२ व्यक्तिगत | – |
| – | २.३ अन्य | – |
| ९४२,८७६,२७३ | ग. मागेको बखत तिर्नु पर्ने हिसाब | ९६६,०५६,७५२ |
| ९४२,८३०,३९९ | १. स्वदेशी मुद्रामा | ९६६,०१२,४८० |
| – | १.१ वाणिज्य बैंकहरु | – |
| ४९,५६९,३०५ | १.२ वित्तीय संस्थाहरु | १५१,७६९,४०१ |
| ८३८,७४१,९२४ | १.३ अन्य संगठित संस्थाहरु | ७५५,३२८,०९८ |
| ५४,५१९,१७० | १.४ व्यक्तिगत | ५८,९१४,९८१ |
| – | १.५ अन्य | – |
| ४५,८७४ | २. विदेशी मुद्रामा | ४४,२७२ |
| – | २.१ वाणिज्य बैंकहरु | – |
| – | २.२ वित्तीय संस्थाहरु | – |
| ४५,८७४ | २.३ अन्य संगठित संस्थाहरु | ४४,२७२ |
| – | २.४ व्यक्तिगत | – |
| – | २.५ अन्य | – |
| – | ३. सर्टिफिकेट अफ डिपोजिट | – |
| – | १. संगठित संस्था | – |
| – | २. व्यक्तिगत | – |
| – | ३. अन्य | – |
| २,८६६,१५४,२५१ | ब्याज तिर्नु पर्ने खाताहरुको जम्मा | २,८४३,१८६,२१४ |
| ३,१६५,३११,५२८ | जम्मा निक्षेप (१+२) | ३,१४४,३२०,८८३ |

## अनुसूची ५ : भुक्तानी दिनु पर्ने बिलहरु

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| २१,४३३,६५८ | १. स्वदेशी मुद्रा | १९,२०५,४३५ |
| १५,९२३,३११ | २. विदेशी मुद्रा | ५,१४८,३७९ |
| ३७,३५६,९६९ | जम्मा | २४,३५३,८१४ |

## अनुसूची ६ : अन्य दायित्व

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| – | १. पेन्सन/ उपदान कोष | – |
| ६,०१५,१०३ | २. कर्मचारी सञ्चय कोष | – |
| – | ३. कर्मचारी कल्याण कोष | – |
| ९४२,८५९ | ४. कर्मचारी बोनस व्यवस्था | ४,७०३,९६३ |
| ५,९००,११७ | ५. भुक्तानी दिन बाँकी लाभांश | ४,८९३,८७७ |
| (७,२४९,३७५) | ६. आयकर व्यवस्था र विशेष शुल्क (न्युन अग्रिम कर) | (११,२७२,३४९) |
| – | ७. निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज | – |
| – | ८. सापटीमा भुक्तानी दिन बाँकी ब्याज | ६३,४४० |
| ५८,१२४ | ९. पाकी नसकेको डिस्काउण्ट र कमिशन | – |
| – | १०. प्रस्तावित लाभांश | – |
| १८,३४९,८४३ | ११. ब्याज मुल्तवी हिसाब | २८,८९६,८४७ |
| १४,९५०,०६३ | १२. सन्ड्री क्रेडिटर्स | १४,०५२,८४० |
| – | १३. शाखा मिलान हिसाब | – |
| ९२१,९२६ | १४. अन्य | ६५५,१६८ |
| ३९,८८८,६६० | जम्मा | ४१,९९३,७८६ |

## अनुसूची ७ : नगद मौज्दात

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| १२०,३४९,५०८ | १. स्वदेशी मुद्रा (सिक्का समेत) | ८८,४६३,४२० |
| १९,५०६,६९२ | २. विदेशी मुद्रा | ७,२७८,२५१ |
| १३९,८५६,२०० | जम्मा | ९५,७४१,६७१ |

## अनुसूची ८ : बैंक मौज्दात

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| ३५०,५६१,०३४ | १. नेपाल राष्ट्र बैंक | १७५,२४६,३६९ |
| ३५०,५६१,०३४ | क. चल्ती खाता | १७५,२४६,३६९ |
| – | ख. अन्य खाता | – |
| ९,६५२,४०६ | २. अन्य स्वदेशी बैंकहरु | ६,१८०,९३३ |
| ९,६५२,४०६ | क. चल्ती खाता | ६,१८०,९३३ |
| – | ख. अन्य खाता | – |
| ५९,४६०,२१७ | ३. विदेशी बैंकहरु | ४०,८८९,२१३ |
| ५९,४६०,२१७ | क. चल्ती खाता | ४०,८८९,२१३ |
| – | ख. अन्य खाता | – |
| ४१९,६७३,६५७ | जम्मा | २२२,३१६,५१५ |

## अनुसूची ९ : माग तथा अल्प सूचनामा प्राप्त हुने रकमहरु

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| – | १. स्वदेशी मुद्रा | – |
| ४६,८१०,४०४ | २. विदेशी मुद्रा | २९,९००,००० |
| ४६,८१०,४०४ | जम्मा | २९,९००,००० |

# अनुसूची १० : लगानी

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | प्रयोजन व्यापारिक रु. | प्रयोजन अन्य रु. | यस वर्ष रु. |
|---|---|---|---|---|
| ६८०,४२३,१९० | १. श्री ५ को सरकारको ऋणपत्र | १,०७५,१८७,२१७ | – | १,०७५,१८७,२१७ |
| ३७९,८५४,१९० | क. ट्रेजरी बिल्स | ७७४,२७६,६४० | – | ७७४,२७६,६४० |
| ३००,५६९,००० | ख. विकास ऋणपत्र | ३००,९१०,५७७ | – | ३००,९१०,५७७ |
| – | ग. राष्ट्रिय बचतपत्र | – | – | – |
| – | २. विदेशी सरकारको ऋणपत्र | – | – | – |
| – | क. ...................... | – | – | – |
| – | ख. ...................... | – | – | – |
| – | ३. नेपाल राष्ट्र बैंक ऋणपत्र | – | – | – |
| ८००,००० | ४. शेयर, डिवेन्चर तथा बण्ड | – | ८००,००० | ८००,००० |
| ७२,५८८,८८८ | ५. अन्य लगानी | ७७,२७५,००० | – | ७७,२७५,००० |
| – | क. सर्टिफिकेट अफ डिपोजिट | – | – | – |
| – | ख. म्युचअल फण्ड | – | – | – |
| १०,०००,००० | ग. स्वदेशी बैंक | १०,०००,००० | – | १०,०००,००० |
| ६२,५८८,८८८ | घ. विदेशी बैंक | ६७,२७५,००० | – | ६७,२७५,००० |
| – | ङ. अन्य | – | – | – |
| ७५३,८१२,०७८ | कूल लगानी | १,१५२,४६२,२१७ | ८००,००० | १,१५३,२६२,२१७ |
| – | व्यवस्था | – | – | – |
| ७५३,८१२,०७८ | खूद लगानी | १,१५२,४६२,२१७ | ८००,००० | १,१५३,२६२,२१७ |

# अनुसूची १० (क) : शेयर, डिवेन्चर तथा बण्डमा लगानी

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| ८००,००० | १. शेयर लगानी | ८००,००० |
| ८००,००० | १.१ रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. ८,००० साधारण शेयर प्रति शेयर रु. १०० का दरले | ८००,००० |
| – | २. डिवेन्चर तथा बण्डमा लगानी | – |
| – | ३. जोखिम सम्बन्धी व्यवस्था | – |
| – | ३.१ गत वर्ष सम्मको व्यवस्था | – |
| – | ३.२ यस वर्षको थपघट | – |
| ८००,००० | जम्मा | ८००,००० |

नोट : माथि उल्लेख गरिएको कम्पनीले लाभांश वितरण गरेका छैन तथा शेयर बजारमा सूचिकृत छैन ।

## अनुसूची ११ : कर्जा तथा बिल खरिद वर्गीकरण र सोको लागि व्यवस्था

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष | विवरण | कर्जा | | | | | खरीद तथा डिस्काउण्ट गरिएका बिल | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वदेशी | | | विदेशी | जम्मा कर्जा | स्वदेशी | | | विदेशी | जम्मा खरीद तथा डिस्काउण्ट गरिएका बिल | यस वर्ष |
| | | प्रा.क्षे. | | अन्य | | | प्रा.क्षे. | | अन्य | | | |
| रु. | | विमित रु. | अविमित रु. | रु. | रु. | रु. | विमित रु. | अविमित रु. | रु. | रु. | | रु. |
| २,१७५,५९६,२३७ | १. सक्रिय कर्जा सापट | – | २३६,२७९,७८० | २,११३,६८८,३७७ | २६,१५०,५०० | २,३७६,११८,६५७ | – | – | ७,९९४,४३४ | ८,०५६,३८५ | १६,०५०,८१९ | २,३९२,१६९,४७६ |
| २,१७५,५९६,२३७ | असल कर्जा | – | २३६,२७९,७८० | २,११३,६८८,३७७ | २६,१५०,५०० | २,३७६,११८,६५७ | – | – | ७,९९४,४३४ | ८,०५६,३८५ | १६,०५०,८१९ | २,३९२,१६९,४७६ |
| १९३,२५४,४०८ | २. निस्क्रिय कर्जा सापट | – | ८०,११७,८०१ | ८८,०९७,५३० | – | १६८,२१५,३३१ | – | – | – | २,४७५,८८८ | २,४७५,८८८ | १७०,६९१,२१९ |
| १६६,४५३,८५५ | २.१ कमसल | – | – | ३९,७६५,१३४ | – | ३९,७६५,१३४ | – | – | – | – | – | ३९,७६५,१३४ |
| ६२६,४४१ | २.२ शंकास्पद | – | ६०,०००,००० | – | – | ६०,०००,००० | – | – | – | – | – | ६०,०००,००० |
| २६,१७४,११२ | २.३ खराब | – | २०,११७,८०१ | ४८,३३२,३९६ | – | ६८,४५०,१९७ | – | – | – | २,४७५,८८८ | २,४७५,८८८ | ७०,९२६,०८५ |
| २,३६८,८५०,६४५ | (क) कूल कर्जा | – | ३१६,३९७,५८१ | २,२०१,७८५,९०७ | २६,१५०,५०० | २,५४४,३३३,९८८ | – | – | ७,९९४,४३४ | १०,५३२,२७३ | १८,५२६,७०७ | २,५६२,८६०,६९५ |
| | ३. कर्जा नोक्सानी व्यवस्था | | | | | | | | | | | |
| २१,७५५,९६२ | ३.१ असल | – | २,३६२,७९८ | २९,६८५,७०७ | २६१,५०५ | ३२,३१०,०१० | – | – | ७९,९४४ | ८०,५६४ | १६०,५०८ | ३२,४७०,५१८ |
| ४१,६१३,४६४ | ३.२ कमसल | – | – | ९,९४१,२८४ | – | ९,९४१,२८४ | – | – | – | – | – | ९,९४१,२८४ |
| ३१३,२२० | ३.३ शंकास्पद | – | ३०,०००,००० | – | – | ३०,०००,००० | – | – | – | – | – | ३०,०००,००० |
| २६,१७४,११२ | ३.४ खराब | – | २०,११७,८०१ | ४८,३३२,३९६ | – | ६८,४५०,१९७ | – | – | – | २,४७५,८८८ | २,४७५,८८८ | ७०,९२६,०८५ |
| ८९,८५६,७५८ | (ख) कूल व्यवस्था | – | ५२,४८०,५९९ | ८७,९५९,३८७ | २६१,५०५ | १४०,७०१,४९१ | – | – | ७९,९४४ | २,५५६,४५२ | २,६३६,३९६ | १४३,३३७,८८७ |
| | ४. गत वर्षसम्मको व्यवस्था | | | | | | | | | | | |
| २२,६७०,३७१ | ४.१ असल | – | २,४०६,९२५ | १९,१६३,७९९ | ११७,००० | २१,६८७,७२४ | – | – | – | ६८,२३८ | ६८,२३८ | २१,७५५,९६२ |
| ९,६७०,४५० | ४.२ कमसल | – | २१,००७,८७० | २०,६०५,५९४ | – | ४१,६१३,४६४ | – | – | – | – | – | ४१,६१३,४६४ |
| – | ४.३ शंकास्पद | – | – | ३१३,२२० | – | ३१३,२२० | – | – | – | – | – | ३१३,२२० |
| – | ४.४ खराब | – | ३,०९५,१०० | २०,४९५,४७७ | – | २३,५९०,५७७ | – | – | – | २,५८३,५३५ | २,५८३,५३५ | २६,१७४,११२ |
| ३२,३४०,८२१ | (ग) गत वर्ष सम्मको कूल व्यवस्था | – | २६,५०९,८९५ | ६०,५७८,०९० | ११७,००० | ८७,२०४,९८५ | – | – | – | २,६५१,७७३ | २,६५१,७७३ | ८९,८५६,७५८ |
| ५७,५१५,९३७ | (घ) यस वर्षको थपघट | | २५,९७०,७०४ | २७,३८१,२९७ | १४४,५०५ | ५३,४९६,५०६ | – | – | ७९,९४४ | (९५,३२१) | (१५,३७७) | ५३,४८१,१२९ |
| २,२७८,९९३,८८७ | खुद कर्जा (क - ख) | – | २६३,९१६,९८२ | २,११३,८२६,५२० | २५,८८८,९९५ | २,४०३,६३२,४९७ | – | – | ७,९१४,४९० | ७,९७५,८२१ | १५,८९०,३११ | २,४१९,५२२,८०८ |

## अनुसूची १२ : स्थिर सम्पत्ति

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष | विवरण | सम्पत्ति | | | | | यस वर्ष |
|---|---|---|---|---|---|---|---|
| रु. | | भवन रु. | सिपहन साधन रु. | मेशिनरी रु. | कार्यालय सामान रु. | अन्य रु. | रु. |
| | १. परलमोल | | | | | | |
| ५७,८८७,१८४ | क. गत वर्षको मौज्दात | – | १२,३९०,२११ | ६,१११,७२६ | ३२,७८९,९०८ | ९,०६४,५६९ | ६०,३५६,४१४ |
| २,४९६,३३० | ख. यस वर्ष थप | – | ५,५१६,०३३ | – | ३,९५४,३७९ | ९९१,६२३ | १०,४६२,०३५ |
| – | ग. यस वर्ष पूनर्मुल्याङ्गन/पुनर्लेखन | – | – | – | – | – | – |
| (२७,१००) | घ. यस वर्षको बिक्री | – | – | (९९७,६४२) | (५७९,९१७) | (४०४,१२७) | (१,९८१,६८६) |
| – | ङ. यस वर्षको अपलेखन | – | – | – | (३२,३००) | (१,५००) | (३३,८००) |
| ६०,३५६,४१४ | कूल (क+ख+ग+घ+ङ) | – | १७,९०६,२४४ | ५,११४,०८४ | ३६,१३२,०७० | ९,६५०,५६५ | ६८,८०२,९६३ |
| | २. ह्रास कट्टी | | | | | | |
| १२,४१७,४५५ | क. गत वर्षसम्मको | – | ४,४२०,४७६ | १,५७४,३७९ | ११,६१४,४२८ | २,२१९,९१६ | १९,८२९,१९९ |
| ७,४१३,०३३ | ख. यस वर्षको | – | १,३१०,९७८ | ३४१,५२२ | ४,४१५,०५१ | ८७२,०३० | ६,९३९,५८१ |
| – | ग. ह्रासकट्टी पुनर्मुल्याङ्गन/पुनर्लेखन | – | – | – | (१२,२३५) | (५५६) | (१२,७९१) |
| (१,२८९) | घ. ह्रासकट्टी यस वर्षको बिक्री/अपलेखन | – | – | (१८१,१८१) | (१९९,५६४) | (१३३,५००) | (५१४,२४५) |
| १९,८२९,१९९ | कूल ह्रासकट्टी (क+ख+ग+घ) | – | ५,७३१,४५४ | १,७३४,७२० | १५,८१७,६८० | २,९५७,८९० | २६,२४१,७४४ |
| ४०,५२७,२१५ | ३. बुक भ्यालु *(WDV) (१–२) | – | १२,१७४,७९० | ३,३७९,३६४ | २०,३१४,३९० | ६,६९२,६७५ | ४२,५६१,२१९ |
| २,३११,४८८ | ४. पूँजीगत निर्माण (पूँजीकरण गरिनु पर्ने) | – | – | – | – | – | – |
| ११,९१९,७८१ | ५. लीज होल्ड सम्पत्ति | – | – | – | – | – | ७,६५२,५६४ |
| ५४,७५८,४८४ | जम्मा (३+४+५) | – | १२,१७४,७९० | ३,३७९,३६४ | २०,३१४,३९० | ६,६९२,६७५ | ५०,२१३,७८३ |

*(Written Down Value)

# अनुसूची १२ (क) : कर्जा, सापट र बिल्स खरीदको सुरक्षण

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| २,३६८,८५०,६४५ | (क) सुरक्षित | २,५६२,८६०,६९६ |
| १,९८०,२८५,६४५ | १. चल/अचल सम्पत्तिको सुरक्षण | २,४६६,९६०,२०५ |
| १५,०००,००० | २. स्वदेशी बैंक तथा वित्तीय संस्थाको जमानतमा | ३५,०००,००० |
| – | ३. सरकारी जमानतमा | – |
| – | ४. अन्तर्राष्ट्रिय श्रेणीकृत बैंकको जमानतमा | – |
| ५,७४२,००० | ५. निर्यात कागजातको सुरक्षणमा | २,४७५,८८८ |
| २५,७७६,००० | ६. मुद्दती रसीदको सुरक्षणमा | ३७,०९७,१२५ |
| ९,२७६,००० | (क) आफ्नै बैंकको मुद्दती रसीदको सुरक्षण | ५,०६७,६९१ |
| १६,५००,००० | (ख) अन्य बैंकको मुद्दती रसीदको सुरक्षण | ३२,०२९,४३४ |
| ७,२५२,००० | ७. सरकारी ऋणपत्रको सुरक्षण | ३,३३३,४७८ |
| – | ८. काउण्टर जमानतमा | – |
| – | ९. व्यक्तिगत जमानतमा | – |
| ३३४,७९५,००० | १०. अन्य सुरक्षणमा | १७,९९४,००० |
| – | (ख) असुरक्षित | – |
| २,३६८,८५०,६४५ | जम्मा | २,५६२,८६०,६९६ |

# अनुसूची १३ : अन्य सम्पत्ति

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| २,७१४,८४५ | १. मसलन्द मौज्दात | २,५१४,५४५ |
| ९,४७२,९९२ | २. लगानीमा असुल गर्न बाँकी आम्दानी | ११,४५६,९५२ |
| ३६,०९६,६१९ | ३. कर्जामा असुल गर्न बाँकी ब्याज | ३४,६१८,१०५ |
| ५०६,५९६ | ४. असुल गर्न बाँकी कमिशन | – |
| ५३५,९०६ | ५. सन्ड्री डेटर्स | १,१२५,८५४ |
| ५७९,६६३ | ६. कर्मचारी सापटी र पेश्की | १,१५०,९१३ |
| ५,३४४,४३० | ७. अग्रिम भुक्तानी | २,३६४,५१० |
| – | ८. मार्गस्थ नगद | – |
| १०,६७८,६५१ | ९. मार्गस्थ अन्य (चेक समेत) | ६,१८८,०७३ |
| – | १०. विना सुचना ड्राफ्टको भुक्तानी | – |
| ८,३०३,२२९ | ११. अपलेखन हुन बाँकी खर्च | ७,०८८,२८२ |
| – | १२. गैर बैंकिङ्ग सम्पत्ति | – |
| – | १३. शाखा मिलान हिसाब | – |
| ५१५,१९९ | १४. अन्य | ५५,१९९ |
| ७४,७४८,१३० | जम्मा | ६६,५६२,४३३ |

## अनुसूची १३ (क) : अन्य सम्पत्ति (थप विवरण)

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष | | | |
|---|---|---|---|---|---|
| | | १ वर्ष सम्म रु. | १ देखि ३ वर्ष सम्म रु. | ३ वर्ष भन्दा माथि रु. | जम्मा रु. |
| ३६,०९६,६१९ | १. कर्जामा असूल गर्न बाँकी ब्याज | २३,०३४,४५९ | ११,५८३,६४५ | – | ३४,६१८,१०५ |
| – | २. विना सुचना ड्राफ्टको भुक्तानी | – | – | – | – |
| – | ३. शाखा मिलान हिसाब | – | – | – | – |

## अनुसूची १४ : सम्भावित दायित्वहरु

३२ आषाढ २०६० (१६ जुलाइ २००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| १०,०००,००० | १. बैंक उपर दावी परेको तर बैंकले दायित्व स्वीकार नगरेको (प्रत्याभूति प्रतिबद्धता वापत) | १०,०००,००० |
| ४१२,४५१,९४२ | २. प्रतितपत्रहरु (पुरा रकम) | ४६८,३२८,७६३ |
| – | ३. पुन: डिस्काउण्ट गरिएका विलहरु | – |
| १६५,९५९,६२४ | ४. म्याद नाघि नसकेको ग्यारेन्टी बण्ड | २६७,७८३,९५५ |
| – | ५. चूक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | – |
| २३,११३,३७१ | ६. फरवार्ड एक्स्चेन्ज कन्ट्राक्टको बाँकी दायित्वहरु | – |
| २,५२०,९४२ | ७. कलेक्सनमा रहेका बिलहरु | १०,६५०,८५९ |
| ७४,६०८,२८१ | ८. मञ्जुरी तथा समर्थन | १६४,६१५,०३७ |
| – | ९. प्रत्याभूति प्रतिबद्धता | – |
| – | १०. अपरिवर्त्य कर्जा प्रतिबद्धता | – |
| – | ११. अन्य (आयकर बापत सम्भावित दायित्व) | २,६४८,०७२ |
| ६८८,६५४,१६० | जम्मा | ९२४,०२६,६८६ |

## अनुसूची १५ : ब्याज खर्च

आ.व. २०५९/२०६० (२००२/२००३)

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| १९५,६०८,७९९ | क. निक्षेप दायित्वमा | १३९,२६१,३५६ |
| १३८,०२०,१२६ | १. मुद्दती निक्षेप | ६१,०१३,७५९ |
| १३७,८२६,०३३ | १.१ स्वदेशी मुद्रा | ६०,६३१,८९७ |
